# बैठक संख्या - १४

## मिति २०८२/१२/२० गतेको गाउँकार्यपालिका चौधौं बैठकका प्रस्तावहरु

१. गाउँपालिकाको अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. LGPAS प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र सम्बन्धमा ।

४. कानून निर्माण सम्बन्धमा ।

क) गढवा गाउँपालिका भित्रका विद्यालयहरुको गुनासो सुनवाई कार्यविधि २०८२ स्वीकृत सम्बन्धमा ।

ख) गढवा गाउँपालिका विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान भर्ना र टिकाउ सम्बन्धी पालिका स्तरीय निर्देशिका २०८२ स्वीकृत सम्बन्धमा ।

ग) योजना अनुगमन मुल्यङ्कन तथा फरफारक कार्यविधि, २०८२ स्वीकृत सम्बन्धमा ।

५ गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

६. फिजियो थेरापी सेवाको शुल्क निर्धारण सम्बन्धमा ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

निर्णयहरु:

१. यस गढवा गाउँपालिकाको मिति २०८२/१२/१५ गते बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश भएका सम्पूर्ण निर्णयहरु र ती निर्णयहरुको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

२. क) स्वमूल्याङ्कन समन्वय समितिबाट पेश हुन आएको LGPAS को प्रारम्भिक प्रतिवेदन उपर सम्बन्धित विषयगत समितिमा छलफलका लागि पठाउने सम्बन्धमा निर्णय गरियो ।

ख) सुशासन तथा संस्थागत विकास समिति, समाजिक विकास समिति, आर्थिक विकास समिति, पूर्वाधार विकास समिति र वन तथा वातावरण समितिबाट LGPAS प्रारम्भिक प्रतिवेदन उपर छलफल भई पेश हुन आएको प्रारम्भिक प्रतिवेदन उपर छलफल गरि स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीको दफा ६(छ) बमोजिम पृष्ठपोषणका लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो ।

३. क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३३०, मिति २०८२/१२/१७ को प्राप्त पत्रबाट सासाहिक कृषि हाटबजार सञ्चालनको सम्बन्धमा विवरण तपसिल अनुसार पठाउने निर्णय गरियो ।

| क.सं. | विवरण | |
|---|---|---|
| १ | हाल स्थानीय तहमा रहेको कृषि हाट बजारको संख्या | १ |
| २ | कृषि हाटबजार सञ्चाचलन हुने दिन/बार | शनिबार |
| ३ | हालको कृषि हाटबजारमा पूर्वाधारको अवस्था (स्टल संख्या र अन्य पूर्वाधारको अवस्था) | थप पूर्वाधार निर्माणको आवश्यकता रहेको ।<br>अस्थायी स्टल संख्या -६० |
| ४ | नयाँ कृषि हाटबजार सञ्चालन गर्न आवश्यक भएमा के कति वटा कृषि हाट बजार निर्माण/सञ्चालन आवश्यक रहेको | नयाँ हाटबजार संचालनको लागि आवश्यक संख्या ३ वटा |
| ५ | कृषि हाटबजार निर्माणका लागि जग्गा उपलब्धता भए/नभएको र उपलब्ध हुने जग्गाको स्वामित्व/लालपूर्जाको अवस्था | नयाँ हाट बजार निर्माणको लागि जग्गाको उपलब्धता भएको,<br>ऐलानी (सरकारी जग्गा) रहेको |
| ६ | कृषि हाटबजार निर्माण गर्नका लागि जग्गा उपलब्ध भएमा सउपलब्ध हुने जग्गाको क्षेत्रफल (कठ्ठा/रोपनी) | सञ्चालनमा भएको हाटबजारको क्षेत्रफल अनुमानित ०-११-४ (कठ्ठा) |
| ७ | कृषि हाटबजार स्थापना हुने स्थलमा विद्युत, सडक/यातायात लगायतको आधारभूत सेवा सुविधाको अवस्था रहे/नरहेको | विद्युत, सडक/यातायात लगायतको आधारभूत सेवा सुविधा रहेको |
| ८ | कृषि हाटबाजर पूर्वाधार निर्माणका लागि आवश्यक अनुमानित कुल लागत रकम रु. | नयाँ हाट बजार निर्माणका लागि आवश्कय एकमुष्ठ रकम रु. ५० लाख । |
| ९ | कृषि हाटबजार निर्माणका लागि आवश्यक कुल लागतमा स्थानीय तहबाट ५० प्रतिशत लागत साझेदारी हुने सुनिश्चतत रहे/नरहेको | ५० प्रतिशत लागत साझेदारी हुने सुनिश्चित रहेको । |

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

ख) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३३१, मिति २०८२/१२/१७ को प्राप्त पत्रबाट एक पालिका एक चिस्यान केन्द्रको सम्बन्धमा विवरण तपसिल अनुसार पठाउने निर्णय गरियो ।

| क्र.सं. | विवरण | |
|---|---|---|
| १ | हाल स्थानीय तहमा चिस्यान केन्द्र उपलब्ध रहे/नरहको (रहेको भएमा के कति वटा रहेको र कस्तो अवस्थामा रहेको ) | हाल १ वटा चिस्यान केन्द्र निर्माणाधिन रहेको । |
| २ | सम्बन्धित स्थानीय तहमा चिस्यान केन्द्र स्थापना गर्न आवश्यक हो वा होइन | आवश्यक हो । |
| | **चिस्यान केन्द्र स्थापना आवश्यक रहेको सन्दर्भमा** | |
| ३ | स्थापना गरिने चिस्यान केन्द्रको अनुमानित क्षमता (मे.टन) | १०० (सय) मे.टन. |
| ४ | चिस्यान केन्द्र निर्माणका लागि जग्गा उपलब्धता भए/नभएको र सम्भावित जग्गाको स्वामित्व/लालपूर्जाको अवस्था (सरकारी वा निजी) | जग्गा उपलब्धता भएको<br>ऐलानी जग्गा (सरकारी) |
| ५ | चिस्यान केन्द्र निर्माण गर्नका लागि जग्गा उपलब्ध भएमा उपलब्ध हुने क्षेत्रफल (कट्ठा/रोपनी) | निर्माणाधिन चिस्यान केन्द्रको क्षेत्रफल अनुमानित ०-११-१० (कट्ठा) |
| ६ | चिस्यान केन्द्र निर्माण हुने स्थलमा सडक/यातायात सुविधा भए/नभएको | सडक/यातायात सुविधा भएको । |
| ७ | चिस्यान केन्द्र सञ्चालनका लागि विद्युत सेवा उपलब्ध भए/नभएको | विद्युत सेवा उपलब्ध भएको । |
| ८ | चिस्यान केन्द्र निर्माणका लागि आवश्यक अनुमानित कुल लागत रकम रु. | ३०,८९४,८१७.६२। |
| ९ | स्थानीय तह आफैंले निर्माण गर्ने सन्दर्भमा चिस्यान केन्द्र निर्माणका लागि आवश्यक कुल लागतमा स्थानीय तहबाट ५० प्रतिशत लागत साझेदारी हुने सुनिश्चतता रहे/नरहेको | ५० प्रतिशत लागत साझेदारी हुने सुनिश्चतता रहेको । |
| १० | नीजि क्षेत्र/सहकारीबाट निर्माण/सञ्चालन हुने चिस्यान केन्द्रका हकमा नीजि क्षेत्र/सहकारीबाट ५० प्रतिशत लागत साझेदारी हुन सक्ने/नसक्ने | |
| ११ | चिस्यान केन्द्रमा भण्डार गरिने स्थानीय कृषि बाली/वस्तुको विवरण तथा अनुमानित परिमाण (मे.टन) | आलु : ३० मे.टन.<br>प्याजः ५ मे.टन.<br>तरकारीः २० मे.टन.<br>फलफूल : १५ मे.टन.<br>अन्य:१० मे.टन. |

शारदा कुमारी चौधरी
का. वा. अध्यक्ष

नि.प्रमुख प्रशासकीय अधिकृत

४. तपसिल बमोजिमको कानूनको मस्यौदा स्वीकृत गर्ने निर्णय गरियो ।

क) गढवा गाउँपालिका भित्रका विद्यालयहरुको गुनासो सुनवाई कार्यविधि २०८२ स्वीकृत सम्बन्धमा ।

ख) गढवा गाउँपालिका विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान भर्ना र टिकाउ सम्बन्धी पालिका स्तरीय निर्देशिका २०८२ स्वीकृत सम्बन्धमा ।

ग) योजना अनुगमन मुल्यङ्कन तथा फरफारक कार्यविधि, २०८२ स्वीकृत सम्बन्धमा ।

५. यस गाउँपालिकाको गाउँ शिक्षा समितबाट मिति २०८२/१२/११ मा भएको निर्णयलाई सर्वसम्मत्तिले अनुमोदन गर्ने निर्णय गरियो ।

६. गोबरडिहा आयुर्वेद औषधालयमा सञ्चालनमा रहेको फिजियो थेरापी सेवाको शुल्क प्रति पटक प्रति व्यक्ति रु. १०० (अक्षेरुपी: एक सय रुपैयाँ मात्र ।) कायम गर्ने निर्णय गरियो ।

शारदा कुमारी चौधरी
का . आ . अध्यक्ष

नि.प्रमुख प्रशासकीय अधिकृत